# गोरखाहरूको सम्पति विदेश पलायनको चिन्ता



● पदमबहादुर गुरुङ

गाउँघरमा साधारण किसान जीवन बिताई रहेका कलिला उमेरका आदिवासी जनजातिका हट्टाकट्टा युवाहरूलाई ब्रिटिश सरकारले आफ्नो सेनामा भर्ति गर्ने प्रचलन करिब २०० वर्ष पुग्न लागेको छ । बेलायती सेनामा भर्ति भएको दिनदेखि यी कलिला उमेरका युवाहरूलाई बेलायती जीवनशैली र संस्कारमा बस्न,खान,लगाउन र पिउन सिकाइएको हुन्छ । आधा जवानी बेलायती रहनसहन र जीवनशैलीमा बस्ने बानी परिसकेका ती लाहुरेहरू अवकास पाएपछि नेपाल फर्कन्छन् र आफू जन्मेको गाउँमा गएर फेरि किसानी जीवन जीउन सक्दैनन् ।

बेलायती भूमिमा जन्मिएर, विदेशी संस्कारमा हुर्किएर, बेलायती शिक्षाप्रणालीमा पठनपाठन गर्ने बानी बसिसकेका तिनका कलिला उमेरका छोराछोरीहरू पनि गाउँमा गएर बस्न मान्दैनन् । यसकारणले गर्दा बेलायती सेनाबाट अवकाश पाएका यी पूर्व सैनिकहरू बाध्य भएर नेपालको शहरी क्षेत्रमा बसोबास गर्दछन् । नोकरीको दौरानमा आर्जन गरेर ल्याएको पैसाले एउटा चिटिक्क परेको घर बनाउँछन् । घर बनाएपछि उनीहरूसित बैंकमा कुनै वचत हुँदैन । सहरमा एक मुठी सब्जी उब्जाउने जमिन पनि हुँदैन । बेलायत सरकारले नेपालको जीवनस्तर हेरेर दिएको पेन्सनले छोराछोरी पढाउन त कुरै छाडौँ महिनावारी खर्च गुजार्न पनि धौ धौ हुन्छ । बेलायती संस्कारमा हुर्किएका तिनका कलिला उमेरका छोराछोरीहरू नेपालको साधारण स्कुलमा भर्ना भएर पढ्न मान्दैनन् । जसका कारण उनीहरूका बाबु (पिता)हरू ४० वर्षको अधबैंसे उमेरमा आफ्नो परिवारलाई नेपालको शहरी क्षेत्रमा छाडेर दोस्रो



वृद्ध अवस्थाका यी गोरखाहरूले यदि राज्यको नीति ठीक भयो भने बेलायतमा पाएको सुविधा नेपालमा नै ल्याउने छन् ।

जागिरको निम्ती विश्वका कुनाकुनामा भौँतारिन बाध्य हुनुपर्छ ।

घरको मुली घरमा नभएपछि पश्चिमेली संस्कारमा हुर्किएका तिनका छोराछोरीहरूले आमालाई टेर्दैनन् । लाहुरेका छोराछोरीहरूले उच्चशिक्षा हासिल गरे पनि सोर्सफोर्सको अभावमा कुनै सरकारी नोकरी पाउन सक्दैनन् । बाबुबाजेको पालामा जसरी सजिलैसित ब्रिटिश सरकारले पनि भर्ति गरेर लाँदैन । विदेशी संस्कारमा हुर्किएका यी युवायुवतीहरू नेपाली समाज र संस्कार, संस्कृतिमा घुलमिल हुन पनि सक्दैनन् । यसले गर्दा बेलायती सेनाबाट अवकाश पाएर नेपाल फर्किएका बेलायती सेनाका पूर्व सैनिकका छोराछोरीहरू आफ्नो मौलिक भाषा, धर्म, संस्कार, संस्कृतिबाट अलग्गिएर न नेपाली न बेलायती भई अन्धकार भविष्यतिर उन्मुख हुन बाध्य छन् । यसले नेपाल र बेलायती सरकारलाई फाइदैफाइदा भएको छ । किनभने यी लाहुरेका छोराछोरीहरूले नेपाल सरकारसँग जागिर पाउँ भनि बिन्तीपत्र पेस गर्ने छैनन् । यी युवाहरूलाई सिन्कीको मूल्यमा प्रयोग गर्न पाउँदा बेलायत सरकारलाई पनि फाइदै छ । तर हामी र हाम्रो समाजलाई भने घाटैघाटा र नोक्सानैनोक्सान भएको छ । बाबुहरूले बेलायती सेनामा रोजगार पाएको नाउँमा सन्ततिहरू आफ्नो मौलिक संस्कारबाट अलग्गिएर दिशाहिन र राष्ट्रियताविहिन हुन बाध्य भएका छन् । यस तथ्यलाई नेपालका विवेकशील नागरिकहरूले कसरी लिएका छन् ?

यिनै यथार्थलाई आत्मसात गर्दै गोरखा भूतपूर्व सैनिक संघ (गेसो) ले २०५० साल भाद्र १३ गते बेलायत सरकारसमक्ष 'हामीलाई दयाको भिख हैन, हाम्रो रगत र पसिनाको मूल्य चाहियो' भन्दै चार सुत्रीय माग अघि सार्दै शान्तिपूर्ण आन्दोलन अघि बढायो । आफ्नो जायज तथा न्यायिक मागप्रति समर्थन जुटाउन जेनेभा, दक्षिण अफ्रिकादेखि लिएर विभिन्न देशहरूमा गेसोले आफनो अभियानलाई तीव्र गतिमा अघि बढायो । नेपालका विवेकशील नागरिक, बौद्धिक क्षेत्रदेखि लिएर बेलायती जनता समेतलाई बुझाउन गेसो सफल भयो । परिणामस्वरूप बेलायती अदालत, जनता र बेलायतकै सदनबाट समेत बेलायत सरकारको २०० वर्षसम्मको ढिपीलाई पराजित गर्न सकियो । २१ मे २००९ मा गोरखालीहरूलाई बेलायती नागरिकसरहको सुविधा दिने भनि बेलायतको सदनबाट नै औपचारिक घोषणा गर्न बेलायत बाध्य भयो । बेलायत सरकारको यो घोषणाले नेपालमा अति कष्टमय जीवन बिताइरहेका बेलायती सेनाका पूर्व गोरखाहरू र तिनका विधवाहरूको लागी तत्काल बेलायत जाने बाटो खुलेको छ । नेपालमा बेरोजगार रहेका तिनका छोराछोरीहरूको लागि पनि ढिलोचाँडो बेलायत जाने बाटो खुलेको छ ।

बेलायती सेनाका यी बृद्ध अवस्थाका पूर्व गोरखाहरू र तिनका विधवाहरू बेलायतमा गएर काम गर्न सक्दैनन् । बेलायती रहनसहन र संस्कारमा बस्न उनीहरूलाई सहज हुँदैन । तैपनि उनीहरू बेलायत जानेछन् र निशुल्क स्वास्थ्योपचार गर्नेछन् । बेलायती नागरिकसरहको विभिन्न भत्ता लिने छन् । यसरी उनीहरूले पाउने पेन्सनबाहेक पनि हरेक बृद्ध गोरखा सैनिकले मासिक करिब १ लाख रूपियाँ बचाउने छन् । बृद्ध गोरखा सैनिकहरू दीर्घकालका लागि बेलायत नबस्ने भएकाले त्यो पैसा अन्ततः नेपाल नै आउनेछ । गेसोको अनुमानमा ६५ वर्ष उमेर नाघेका यस्ता बृद्धहरू करिब १० हजारको हाराहारीमा छन् । उनीहरूबाट पेन्सनबाहेक नै मासिक जनही मासिक १ लाख रूपियाँ नेपाल भित्र्याउनेछन् । यसले गर्दा पेन्सनबाहेक करिब यी १० हजार बृद्धहरूले मासिक अर्बौं रकम नेपाल भित्र्याउनेछन् । यसले गर्दा एकातर्फ राष्ट्रमा हरेक महिना अर्बौंअर्ब रकम भित्रिन्छ भने अर्कोतर्फ बेरोजगार जीवन बिताइरहेका हजारौँ युवायुवतीको लागि पनि रोजगारीको बाटो खुलेको छ ।

गेसो आन्दोलनले एकातर्फ राष्ट्रलाई यति ठूलो आर्थिक लाभ दिइरहेको छ भने अर्कोतर्फ २०० वर्षसम्म बेलायती सेनामा नोकर र दासको रूपमा रहेका गोरखाहरूलाई बेलायती राष्ट्रिय सेनासरहको हैसियत दिलाउन सफल भएको छ । यसरी गेसो आन्दोलनले एकपछि अर्को अकल्पनिय उपलब्धीहरू प्राप्त गरिरहेको अवस्थामा वास्तविकताको अध्ययन नै नगरी लाहुरेहरूले नेपालको श्रीसम्पति बेचेर बेलायततिर नै पलायन हुने भए, अब लाहुरेहरूबाट एक पैसा पनि रेमिटेन्स नआउने भयो भनेर ब्यापारीहरू, बोर्डिङ स्कुल चलाउनेहरू, रेस्टुरेण्ट मालिकहरू, गहना पसलेहरू, घरजग्गाका व्यावसायीहरूदेखि लिएर ट्याक्सी चलाउनेहरूसम्म चिन्तित देखिन्छन् । हाम्रा उद्योग वाणिज्य महासंघका नेताहरू, समाजशास्त्रीहरू, अर्थशास्त्रीहरू पनि यस्ता सतही चिन्तामा आफ्ना चिन्ता मिसाइरहेका भेटिन्छन् । वास्तवमा उनीहरूको चिन्ता भनेको वस्तुस्थितिको गहिरिएर अध्ययन नै नगरीकन कागको पछाडि दौडाई मात्र हो ।

हामीले हेक्का राख्नुपर्ने कुरा के हो भने क्यानाडा, अमेरिका, जापान र बेल्जियममा रहेका लाखौं नेपालीहरूको त कुरै छाडौं त्यही बेलायतमा मात्र हाल करिब हजारौंको हाराहारीमा गैर भूपू सैनिक नेपालीहरू छन् । यीमध्ये कोही त नेपालको राष्ट्रिय ढिकुटीबाट पढ्न गएका डाक्टर, इन्जिनियर, सरकारी जागिरे नै छन् । उनीहरूमाथि सरकारले करोडौं लगानी गरेको छ । देश र जनताको सम्पतिमा पढेका बेलायत पुगेकाहरू नेपाल नफर्की बेलायतमा नै जागिरे भई घरबार जमाएर बसेका छन् । यिनीहरूले नेपाल सरकार र देशलाई गरेको ठगीको बारेमा कुनै चर्चा हुँदैन तर नेपालबाट एकसरो लुगाको भरमा विदेशमै कमाएको धन ल्याएर नेपालमा घर बनाउने, खर्च गर्ने गोरखा सैनिकहरूमाथि चाहिँ यतिविघ्न नकारात्मक चियोचर्चा किन ? नेपालमा बेलाबखत शासनसत्तामा रहेकाहरूले अवैधरूपमा कमाएको सम्पति भारत, अमेरिका, बेलायत, स्वीट्जरल्याण्ड लगायतका देशमा थुपारेको, लगानी गरेको चर्चा दशकौंदेखि सुनिँदै आएको छ । राष्ट्रघात गर्ने तिनीहरूका बारेमा जति चर्चा र छानविन हुनुपर्ने ठीक त्यसको विपरीत विदेशमा मिहिनेत गरेर स्वदेशको अर्थतन्त्र सुदृढ बनाउन सहयोग गर्ने गोरखा सैनिकहरूलाई राष्ट्रघाती र देशघातीका रूपमा उभ्याइँदै छ, प्रचारबाजी गरिँदैछ । गोरखाहरूले बेलायतको आवासीय भिसा पाउन थालेको पाँचवर्षको अवधिमा हाम्रो अध्ययनमा अत्यन्तै न्यून (दुई/चार) जनाले मात्र घरजग्गा बेचेर बेलायत गएका छन् । के वर्षेनी घरबार बेचेर अमेरिका, बेलायत, क्यानाडा जाने गैर भूपूको संख्या त्यति छैन ? गैर भूपूबाट भइरहेको पुँजि पलायनको तुलनामा भूपूबाट भएको पलायन नगण्य छ । बदलामा गैरभूपूबाट भित्रिने रेमिटेन्सको दाँजोमा भूपूबाट भित्रिने रेमिटेन्सको हिस्सा चाहिँ उच्च छ । यी वास्तविकतालाई आँखा चिम्लेर गरिएका टिप्पणी र विश्लेषणको रहस्य कतै संकीर्ण र जातिवादी त छैन ? ❍